# छैठौ जिल्ला सभा, नीति तथा कार्यक्रम,

# आ.व. २०७९/८०

# धुलिखेल, काभ्रेपलाञ्चोक

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,**

नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित ऐतिहासिक छैठौं जिल्ला सभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधानअनुसार प्राप्त नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र नेपालको उज्यालो युगमा पुऱ्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका सवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाइ गरी बेपत्ता हुनु भएका व्यक्तिहरुको स्मरण गर्न चाहान्छु ।

## क. काभ्रेपलाञ्चोक जिल्लाको संक्षिप्त भौगोलिक, राजनितिक तथा प्रशासनिक पृष्ठभूमि

काभ्रेपलाञ्चोक जिल्ला नेपालको मध्य पूर्वी पहाडी भू-भागमा अवस्थित जिल्लाहरु मध्येको एक हो।देशको प्रशासनिक विभाजनअनुसार यस जिल्ला वागमती प्रदेशमा पर्दछ । यो जिल्ला ८५°२४' देखि ८५°४९' पूर्वी देशान्तर २७°२०' देखि २७°४५' उत्तरी अक्षांशमा फैलिएको छ । समुन्द्र सतहदेखि २८० मिटर(कोखाजोर खोला) देखि ३०१८ मिटर (बेथानचोक नारायण डाँडा) सम्म फैलिएको यस जिल्लाको कूल क्षेत्रफल १३९६ वर्ग किलोमिटर रहेको छ ।यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा जिल्ला, पश्चिममा ललितपुर, भक्तपुर र काठमाडौं, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्लाहरु पर्दछन् ।देशको राजधानी काठमाडौंबाट पूर्वमा रहेको यस जिल्लाको मूख्य प्रवेशद्वार साँगा २१ कि.मी.को दूरीमा रहेको छ भने जिल्ला सदरमुकाम धुलिखेल ३० कि.मी.को दुरीमा रहेको छ ।

संघीयता कार्यान्वयनसंगै यस काभ्रेपलाञ्चोक जिल्लालाई ६ नगरपालिका र ७ वटा गाउँपालिका गरी १३ स्थानीय तह तथा सोअन्तर्गत १३५ वडाहरु, २ वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

## ख. जिल्ला सभाको कानूनी तथा नीतिगत आधार

नेपालको संविधान, जिल्ला सभा बैठक संचालन कार्यविधि, २०७५, जिल्ला सभा तथा समन्वय समिति सम्बन्धी ऐन, २०७५, स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७८, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनी तथा नीतिगत आधारमा यो ऐतिहासिक छैठौं जिल्लाको सञ्चालन, व्यवस्थापन तथा नीति तथा कार्यक्रम प्रस्तुत गर्न मार्ग निर्देश गरेको व्यहोरा अवगत गर्न चाहान्छु ।

## ग. जिल्ला समन्वय समितिबाट आ.व.२०७८/७९ मा सम्पादित कार्यहरुको संक्षिप्त प्रतिवेदन

### १. <u>आर्थिक प्रतिवेदन</u>

आ.व. २०७८/७९ मा जिल्ला समन्वय समितिलाई संघीय सरकारबाट रु. १ करोड ३८ लाख ५५ हजार बजेट प्राप्त भएको र सो बजेटबाट रु. १ करोड १ लाख ५ हजार ९ सय ६७ रुपैया ९३ पैसा ( ७२.९४ प्रतिशत) खर्च भएको जानकारी गराउन चाहान्छु ।

आ.व. २०७८/७९ मा वागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रु. ४० लाख बजेट प्राप्त भएको र सो बजेटबाट रु. ३२ लाख ७६ हजार ३ सय २१ रुपैया (८१.९० प्रतिशत) खर्च भएको जानकारी गराउन चाहान्छु ।

आ.व. २०७८/७९ मा प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी विकास कार्यक्रम र प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तरगत वागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयबाट रु. ११ लाख ७० हजार बजेट प्राप्त भएको  र सो बजेटबाट रु. ११ लाख ४३ हजार ८ सय ९९ रुपैया (९७.७६ प्रतिशत) खर्च भएको जानकारी गराउन चाहन्छु ।

## २. जिल्ला समन्वय समितिको मौज्दात कोषः

जिल्ला समन्वय समितिको मौज्दात कोषमा शुरुमा रहेको रु.४२ करोडबाट विभिन्न दायित्व रकम छुट्याएर रु. ४० करोड जिल्ला समन्वय समितिको कार्यालय भवन निर्माण, सवारी साधन खरिद, फर्निचर तथा फर्निसिङ्, उपकरण खरिद तथा निर्माण योजना, नगरपालिका/गाउँपालिका तथा वडा

कार्यालय भवन निर्माण तथा मर्मत संभार, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत संभार, प्रसुति केन्द्र, स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य केन्द्रको भवन निर्माण तथा मर्मत संभार र खानेपानी सम्बन्धी पूर्वाधार निर्माण शीर्षकमा तेस्रो जिल्ला सभाले निर्णय गरी रकम बाडँफाड भएको निर्णय स्मरण गराउन चाहान्छु ।

सोही निर्णयका आधारमा जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम हालसम्म स्थानीय तहबाट माग भई आएका योजनाहरुमध्ये कूल १०३ वटा योजनाहरुमा मौज्दात कोषबाट बजेट विनियोजन भएको, सो मध्ये ५३ वटा योजनाहरु सम्पन्न भएका, २८ वटा चालू अवस्थामा निर्माण कार्य भइरहेको र २२ वटा योजनाहरुमा बजेट विनियोजन भइ सझौता हुन बाँकी अवस्थामा रहेको छ ।

## ३. जिल्ला समन्वय समितिबाट आ.व. २०७८/७९ मा सम्पादित महत्वपूर्ण कार्यहरुः

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने आदि संवैधानिक तथा कानूनी कार्य सम्पादन गरियो ।
- जिल्ला स्थित विषयगत कार्यालयहरु र स्थानीय तहहरुको सहभागितमा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो ।
- स्थानीय तहबाट सम्पादित चार आर्थिक वर्षको प्रगति विवरण तथा तथ्याङ्क संकलन गरी तुलनात्मक विश्लेषण सहितको ***स्थानीय सरकारको उपलब्धि, अभ्यास र अनुभव काभ्रेपलाञ्चोक,*** जिल्ला समन्वय समितिले पाँच वर्षमा सम्पादन गरेका उपलब्धिहरु समावेश गरिएको ***जिल्ला समन्वय समितिको पाँच वर्ष*** र काभ्रेपलाञ्चोक जिल्लाको समग्र तथ्याङ्क र विवरणहरु समावेश गरिएको ***काभ्रेपलाञ्चोक जिल्ला वस्तुगत विवरण*** नामक तीन महत्वपूर्ण पुस्तक प्रकाशन गरियो ।
- जिल्ला समन्वय समितिको कार्यालय परिसरमा कम्पाउण्डिङ, पार्किङ, बगैचाँ निर्माण लगायतको समग्र व्यवस्थापनका कार्य गरियो ।
- जिल्ला स्थित स्थानीय २८ वटा खेलकुद क्लवहरुलाई वागमती प्रदेश सरकारको सहयोगमा खेलकुद सामग्रीहरु हस्तान्तरण गरियो ।
- स्थानीय तहअन्तर्गतका स्थानीय न्यायिक समितिका पदाधिकारीहरु र न्यायिक सहजकर्ताहरुलाई न्याय सम्पादनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- जिल्ला समन्वय समितिको मौज्दात कोष र स्थानीय तहबीचको साझेदारीमा स्थानीय तहमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गरियो ।

- बर्तमान र निवर्तमान जनप्रतिनिधिहरुलाई विदाई, सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरियो ।

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,**

## घ. नीतिगत प्राथमिकताहरु

नेपाल गौरवशाली इतिहास बोकेको मुलुक हो। संसारमा कुनै दर्शन नहुँदा हाम्रा पूर्वजहरुले पूर्वीय दर्शन दिए। पूर्वीय दर्शनमध्ये शैव दर्शन,सांख्य दर्शन र बौद्ध दर्शन नेपालमा लेखिएको प्राचीन दर्शन हुन्। द्वैत र अद्वैत, समन्वयवादी दर्शनको रचना पनि नेपालमै हाम्रा पूर्वजहरुले गरेका थिए। द्वैत र अद्वैत,अध्यात्म र भौतिकवादी दर्शनका प्रणेता वेदव्यास कपिलमुनि,याज्ञल्क्य र महर्षि जनक थिए । हाम्रा वेदहरु मध्ये ऋग्वेदले प्रकृति बुझ्न, प्रकृति पुज्न र प्रकृति संरक्षण गर्न सिकायो । यजुर्वेदले कर्मकाण्ड गर्न सिकायो । सामवेदले गीत र संगीत सिकायो । अथर्ववेदले विज्ञान र आयुर्वेद सिकायो। ब्रह्माण्ड, प्रकृति, शरीर र ब्रह्म आत्माको सूक्ष्म गहनतम् विश्लेषण गर्न सिकायो।

शैव दर्शनले मानवजातिलाई सर्व मङ्गलकारी एवं समतामूलक हुन, सत्य र न्यायको पक्षमा स्वतन्त्र र निष्पक्ष हुन सिकायो। योग, ध्यान र तन्त्र विज्ञान मार्फत व्यक्तिभित्रका अपार क्षमता र सम्भावना उद्घाटन गर्न सकिन्छ भनेर सिकायो। कपिलमुनिको सांख्य दर्शनले संसारलाई भौतिकवादी ढंगले विश्लेषण गर्न र उत्प्रेरित गर्न सिकायो । बुद्ध दर्शनले कार्य र कारणको सम्बन्ध सिकायो । वेद, उपनिषद् र बुद्ध दर्शनले द्वन्द्ववाद सिकाएको छ। संसारमा विश्वविद्यालय नहुँदा पहिलो, दोस्रो र तेस्रो विश्वविद्यालय हाम्रै उपमहाद्वीपमा थिए। विश्वमा केवल सत्रवटा मात्रै स्वतन्त्र राज्य रहँदा त्यसमध्येमा एक नेपाल थियो। आजका शक्तिशाली देशहरू उपनिवेशमा पर्दा हाम्रा पूर्वजहरुले जोगाएर स्वतन्त्र राख्न सफल भएको देश नेपाल हो। अनेकौं नदीनाला, हिमश्रृङ्खला र पर्वतमालाले वेष्ठित उपत्यका र मैदानी भागले ओगटेको संसारको सबैभन्दा सुन्दरतम् देश नेपाल हो। पुरै देश प्राकृतिक छटा र मनोरम् दृश्यले भरिपूर्ण छ। यिनै पुर्वीय दर्शनमा भएको सांख्य दर्शन र कर्मयोगको प्रचार गरेर हाम्रा पुर्खाहरुले जनजागरण ल्याइ राणाशासन ढालेका थिए। एक सय पच्चिस भन्दा बढी जनजाति नब्बे भन्दा बढी भाषा-भाषि र दश भन्दा बढी धर्म र सम्प्रदाय भएको र विविधतामा एकता रहेको सुन्दर बगैंचा जस्तो देश नेपाल हो। विकसित भनिएका देशमा महिला र आदिवासीले मतदान गर्न र मताधिकार प्रयोग गर्न सयौं वर्ष संघर्ष गर्नुपर्दा नेपालमा सबै जातजाति, लिंग र समुदायले एकैपटक अधिकार पाएका थियौं। करिब छ दशकभित्र तीनवटा क्रान्ति सम्पन्न गरी राणा शासन, निरंकुश पञ्चायत र राजतन्त्र ढाल्न सफल भएको देश नेपाल हो। आज हामीले लोकतन्त्र,गणतन्त्र,संघीयता,धर्मनिरपेक्षता, समावेशी,समानुपातिक शासन, समाजवाद उन्मुख आर्थिक,सामाजिक व्यवस्था र उदार मौलिक हकको व्यवस्था गरेका छौं । हामी आफैले सम्पन्न गरेका यी गौरवशाली उदाहरण हुन्।

केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाका कारण समकालीन विश्वमा पछि परेकाले राज्य पुनर्संरचना गरी हामी संघात्मक प्रणाली अपनाउन पुगेका छौं। संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग यिनै तीन तहले गर्ने उल्लेख छ। नागरिकहरूको मौलिक हकको संरक्षण तीन तहले नै गर्नेगरी संविधानले नै राज्यशक्ति बाँडफाँड गरेको छ। ब्राजिल, रसिया, दक्षिण अफ्रिका, स्पेन,लिक्टेन्स्टाइन जस्तै नेपालमा पनि संघीय इकाईको रुपमा स्थानीय सरकार रहेका छन् । स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको छ। संविधानले खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा स्थानीय तहले वित्तीय हस्तान्तरण मार्फत वित्तीय स्रोत प्राप्त गर्ने व्यवस्था गरेको छ। स्थानीय स्वशासन, स्वायत्तता र विकेन्द्रीकरणको लागि हाम्रा अग्रजहरूको संघर्ष र बलिदानको परिणाम नै अहिलेको स्थानीय स्वायत्तता हो भन्ने कुरामा हामी विश्वस्त छौं ।

लोकतन्त्रको मानक भनेको निर्वाचित सरकार मात्रै होइन बिधिको शासन पनि हो। लोकतन्त्रमा संविधानको सर्वोच्चता हुन्छ र सबै तहको सरकारहरु यसैबाट निर्देशित हुनुपर्छ। संविधानले तिनवटै तहका लागि काम,कर्तव्य र अधिकारको निर्धारण गरिदिएको छ । संविधानमा प्रत्येक तहका लागि लेखिएका अधिकारहरु ऐच्छिक होइनन् । यी निशर्त कार्यान्वयन गर्नुपर्ने विषय हुन् । तीनओटै तहका लागि संविधानले एकल र साझा अधिकार निर्धारण गरिदिएको छ । यी अनुसूचीहरु र विभिन्न धाराहरुमा उल्लेखित अधिकारहरूको प्रयोग आ-आफ्नो विधायिकी सभाबाट कानून बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ।

जिल्ला भित्र गाउँपालिका र नगरपालिकबीच समन्वय कायम गर्न एक जिल्ला सभा रहने संवैधानिक व्यवस्था बमोजिम गाउँपालिका र नगरपालिकाको प्रतिनिधित्व रहेको जनप्रतिनिधिमुलक सभा, जिल्ला सभा हो। जिल्ला समन्वय समिति जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाका जनप्रतिनिधिहरुमध्येबाट निर्वाचित जिल्लाभित्रका अन्तर निकाय बीच समन्वय गर्न खडा गरिएको कार्यकारी निकाय हो। यसको कार्यभार माथि उल्लेखित कानूनी तथा नीतिगत आधारमा उल्लेख भए बमोजिमको परिधिभित्र रहेर जिल्ला समन्वय समितिले जिम्मेवारीपूर्वक कार्य गरिरहेको व्यहोरा समेत अवगत गराउन चाहान्छु ।

## आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

काभ्रेपलाञ्चोक जिल्लाको आर्थिक, सामाजिक, मानवीय विकास सहितको दिगो विकासका लागि यस जिल्ला भित्र थुप्रै संभावना तथा अवसरहरु रहेका छन भने केही समस्या र चुनौतीहरु पनि देखिएका छन । अवसरहरुको पूर्ण उपयोग गर्दै तथा समस्या र चुनौतीहरुलाई चिर्दै अगाडी बढ्न हामी सवैको साझा प्रयत्न रहने कुरामा विश्वास लिएको छु ।

***समृद्ध काभ्रेपलाञ्चोक जिल्ला*** निर्माणका यो अभियानमा सबै गाउँपालिका/नगरपालिकालाई मार्गदर्शन गरी देहायका नीति तथा कार्यक्रमहरु अवलम्वन तथा कार्यान्वयन गर्न प्रस्ताव गरेको छु । गाउँपालिका, नगरपालिका, जिल्ला सभाको प्रभावकारी र सक्षम नेतृत्वबाट उल्लिखित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भइ उपलब्धी हासिल हुने छ भन्ने विश्वास समेत लिएको छु ।

१. लोकतान्त्रिक प्रणाली र डेमोक्रेसी शब्द जनताको प्रत्यक्ष सहभागिताबाट आरम्भ भएको हो। स्थानीय सरकार अधिकारसम्पन्न हुनुपर्छ भनेको यसमार्फत शासनमा जनताको प्रत्यक्ष सहभागिता हुन सक्छ भनेर नै हो। गाउँपालिका र नगरपालिका मार्फत प्रत्यक्ष लोकतन्त्र, सहभागितामुलक लोकतन्त्र र स्थानीय लोकतन्त्रको अधिकतम अभ्यास गराउने कुरामा भूमिका हुनुपर्छ। टोल विकास संस्था, उपभोक्ता समिति, आमा समूह, युवा परिषद, बाल क्लब, कृषक समूह तथा लक्षित समूह गठन र परिचालनबाट प्रत्यक्ष र सहभागितामूलक लोकतन्त्रको अभ्यास हुनसक्छ। हाम्रा कानुन र नियमहरुले यस्ता कार्य गर्न उत्प्रेरित मात्र होइन निर्देशित नै गरेकोले त्यसकालागि सम्बद्ध सबैबाट यसको सफलताको लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।

२. राज्यको निर्देशक सिद्धान्तले समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ। समाजवाद भनेको अवसरमा समानता हो। हरेक नागरिकले शिक्षा स्वास्थ्य र उत्पादनका साधन आदिको वितरणमा समान अवसर प्राप्त गर्नु हो। यस्ता विषयहरुमा हाम्रो ध्यान पुग्नु आवश्यक छ। सन्तुलित विकास भयो भएन भनी अनुगमन गर्ने अधिकार संविधानले जिल्ला समन्वय समितिलाई प्रदान गरेको छ । असमान र असन्तुलित विकास अभ्यास रहँदै आएको विद्यमानतालाई बदल्न र सन्तुलित विकास गर्न सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणाली बलियो बनाउन गाउँपालिका र नगरपालिकाको भूमिका कस्तो रह्यो भनेर अनुगमन गर्ने संवैधानिक दायित्व पनि जिल्ला समन्वय समितिको रहेकोछ । यस्ता कार्यहरुको लागी सबैको सहयोग प्राप्त हुने अपेक्षा जिल्ला समन्वय समितिको रहने छ ।

३. वातावरण र विकास बीच सन्तुलन आवश्यक छ। यसको अनुगमनको अभिभारा पनि कानुनले जिल्ला समन्वय समितिलाई प्रदान गर्नुका साथै एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनामा वातावरणीय प्रभाव मुल्यांकन गर्न समन्वय गर्ने जिम्मेवारी पनि जिल्ला समन्वय समितिको रहेकोछ । यस्ता कार्यकालागि जिल्ला समन्वय समिति प्रतिबद्ध रहने छ ।

४. जिल्लाको समग्र विकासका लागि सरोकारवाला वीच छलफल र समन्वय गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ । समृद्ध विकास, व्यवस्थित विकास र दिगो विकास जस्ता विषयहरूमा

विश्वव्यापी बहस चलिरहेको अवस्थामा जिल्ला समन्वय समितिलाई कानुनले यस्तो भूमिका सुम्पिनुलाई सकारात्मक रुपमा लिएका छौं। पूर्वाधार विकास र विकासबीच कस्तो सम्बन्ध आवश्यक छ। स्थान सापेक्ष कस्तो विकास आवश्यक पर्ला, स्थानीय तहले गर्ने विकास तथा प्रदेश र संघले गर्ने विकास एउटै हो की फरक हुनुपर्ने हो, एउटै काम गर्नका लागि तीनवटा तहको आवश्यक पर्छ कि पर्दैन? हाम्रो स्थानीय विकास प्रणालीमा निजी र सहकारी क्षेत्रको भूमिका के हुन सक्छ, निजी र सहकारी क्षेत्रसँग मिलेर स्थानीय सरकारले कसरी काम गर्ने, स्थानीय तहमा रोजगारी र उद्यमशिलता कसरी वृद्धि गर्ने आदि विषयमा छलफल र समन्वय गर्न जिल्ला समन्वय समितिले सरकारी, गैरसरकारी, सहकारी, निजीक्षेत्र र प्राज्ञहरुका बीच अन्तरक्रिया गर्ने कार्यक्रम सञ्चालन गरिने छ।

५. लोकतान्त्रिक व्यवस्थामा विधायिकाले कानुन नबनाई एक पैसा पनि संकलन गर्न र खर्च गर्न पाइँदैन। तसर्थ संविधानप्रदत्त अधिकारको प्रयोगका लागि कति कानुन बने कति बनेनन् कति कार्यान्वयनमा गए वा गएनन् भन्ने सम्बन्धमा प्रत्येक गाउँपालिका र नगरपालिकाले तर्जुमा गरेका कानूनहरूको अभिलेखीकरण गरिनेछ।

६. जिल्लाभित्र संचालन हुने विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सरकारी तथा गैरसरकारी संघ संस्थाबाट सञ्चालन भएका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता र सन्तुलित भए नभएको अनुगमन गरी समन्वय र सहजीकरण गरिनेछ।

७. स्थानीय सरकार संचालन ऐनको दफा ११ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम गाउँपालिका र नगरपालिकाहरु मध्ये आवधिक योजना, मध्यावधि खर्च संरचना, योजना बैंक, नीति, कानुन र मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसरी कानुनले निर्धारित गरेबमोजिम कार्य कुन कुन स्थानीय तहबाट सम्पन्न भयो या भएन भन्ने विषयको एकीन गर्न कानुनबमोजिम प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न जिल्ला समन्वय समितिले आवश्यक भूमिका खेल्नेछ।

८. जिल्लाभित्र सञ्चालन भएका संघीय तथा प्रदेश स्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयन अवस्था बुझ्न, समस्या समाधान गर्न र तत्सम्बन्धी कार्यका लागि समन्वय, सहजीकरण र सहयोगका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

९. जिल्लाभित्रको विकासमा सन्तुलन कायम गर्न सम्भव भएसम्म एकरूपता कायम गर्न, पहिचान गर्न, लागत न्यूनीकरण गरी विशेषज्ञ सेवा प्रवाह गर्न अन्तर स्थानीय तहको संयुक्त व्यवस्थापनमा साझेदारी कार्यक्रम संचालन गरी प्राविधिक शिक्षा, फोहोरमैला व्यवस्थापन, दमकल, यातायात व्यवस्था, गोदाम

घर, शीत भण्डार, बजार व्यवस्थापन र ठूला भौतिक पूर्वाधार आदि विषयका बारेमा करिडोरमा आधारित छलफल र एकीकृत योजना निर्माण सम्बन्धमा आवश्यक पहल गरिनेछ।

१०. जिल्ला समन्वय समितिले सूचकहरू निर्माण गरी प्रत्येक गाउँपालिका र नगरपालिकाबाट लागु गरिएका नीतिहरुको कार्यान्वयको अवस्था बारेमा अनुगमन गर्नुका साथै कार्यक्रमगत् नमुना कार्यक्रमहरुको अनुगमन गरी सबैभन्दा राम्रो गर्ने स्थानीय तहलाई पुरस्कृत गर्ने र पुरस्कृत गर्न प्रदेश र संघमा सिफारिस गर्ने कार्य गरिनेछ।

११. स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन, २०७४ अनुसार हरेक स्थानीय तहका प्रमुखले बजेट पारित भएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यान्वयनको अख्तियारी दिनुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले अख्तियारी प्राप्त भएको १५ दिनभित्र कार्यक्रम स्वीकृत गरी विभाग, महाशाखा, शाखा, इकाई प्रमुख र वडा सचिवलाई योजना कार्यान्वयनको लागि लिखित रुपमा अख्तियारी दिनुपर्ने व्यवस्था छ। यसको अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको छ छैन भन्ने विषयमा जिल्ला समन्वय समितिले कार्यक्रम अघि बढाउनेछ।

१२. जिल्लाभित्रका प्राकृतिक विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्या तथा राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरण गरिनेछ।

१३. संविधान तथा नेपाल सरकारको नीतिअनुरुप बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री, वातावरण मैत्रीलगायतका नागरिकमैत्री नीति तथा कार्यक्रम प्रत्येक गाउँपालिका र नगरपालिकाले सञ्चालन गर्नुपर्ने हुन्छ। यस्ता विषयमा जिल्ला समन्वय समितिले सूचकहरु स्थानीय तहको अनुगमन गरी संघ तथा प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नेछ।

१४. स्थानीय तहबाट सम्पादन भएका विकास निर्माण कार्यको गुणस्तरीयता अध्ययन परीक्षण गरी सोको प्रतिवेदन संघ तथा प्रदेश सरकारमा पेश गर्नुपर्ने कायदिशअनुरुप जिल्ला समन्वय समितिले सम्भव भएसम्म ल्याबद्वारा भौतिक परीक्षण गरी संघ तथा प्रदेश सरकारसमक्ष प्रतिवेदन पेश गर्नेछ।

१५. जिल्ला समन्वय समितिले सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको समेत सूचना संकलन गरी सूचना तथा अभिलेख केन्द्रको रुपमा स्थापना तथा अभिलेखीकरण र अध्यावधिक गर्दै जाने व्यवस्था गरिनेछ। यसमा जिल्लातहमा सञ्चालनमा आएका संघ तथा प्रदेश तहका कार्यक्रम समेत समाविष्ट गरिनेछ।

१६. गाउँपालिका तथा नगरपालिकाको कार्यक्षमता अध्ययन गरी जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । स्थानीय तहका कर्मचारीहरुमा बहु-विषयक कार्य क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गरी प्रशासनिक खर्च कम गर्ने उपाय अवलम्बन गर्न गाउँपालिका र नगरपालिकाको ध्यानाकर्षण गरिनेछ।

१७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सूचकमा आधारित भई राजस्व बाँडफाँट तथा अनुदान सिफारिस गरेको हुन्छ। आयोगले गरेको यस्तो सिफारिसका आधारमा वित्तीय स्रोत प्राप्त गर्ने स्थानीय सरकारहरुले सूचकमा आधारित योजना र बजेट तर्जुमा गर्नुपर्ने हुन्छ। त्यसरी सूचकहरुमा आधारित भई योजना र स्रोत बाँडफाँट भएको छ छैन भन्ने सम्बन्धमा जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ। यस कार्यका लागि गाउँपालिका नगरपालिका क्षमता अभिवृद्धि गर्न आवश्यक भएमा आयोगसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

१८. अहिले महंगी व्याप्त छ । असन्तुलित छ । गुणस्तरीय सम्बन्धी समस्या छ। उपभोक्ता संरक्षण ऐन, २०७५ ले उत्पादक, पैठारी कर्ता, लगानीकर्ता, सञ्चयकर्ता,विक्रेता र सेवा प्रदायकको दायित्व निर्धारण गरेको छ। लागत मूल्य तथा गुणस्तर जाँच गर्ने र उपभोक्ता ठगिनबाट जोगाउनका लागि गाउँपालिका तथा नगरपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्ने र अनुगमन समितिले बजार अनुगमन टोली गठन गरी सो टोलीबाट अनुगमन गराउने अभिभारा गाउँपालिका र नगरपालिकाको हो। विगतमा स्थानीय तहबाट यस्ता विषयमा ध्यान गएको पाईंदैन। कानुनले सो टोलीलाई थुनामा राख्ने र ठाउँका ठाउँ जरिवाना समेत गर्ने अधिकार प्रदान गरेको छ। यस्ता विषयमा कुन - कुन पालिकाबाट प्रभावकारी काम भयो भन्ने सम्बन्धमा अनुगमन गरिनेछ।

१९. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ले आवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउने व्यहोरा उल्लेख गरेको छ। त्यस्ता आवासविहीन व्यक्ति तथा परिवारको पहिचान र बसोबासको अवस्था खुल्ने गरी सम्बन्धित स्थानीय तहले लगत संकलन गर्नुपर्ने र त्यस्ता व्यक्ति र परिवारलाई परिचयपत्र उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमा जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ।

२०. बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम गाउँपालिका वा नगरपालिकाले स्थानीय बालअधिकार समिति गठन गर्नुपर्ने र स्थानीय तहमा एकजना बाल कल्याण अधिकारी तोक्नुपर्ने व्यवस्था गरेको छ। साथै स्थानीय तहले बालबालिकाको उद्धार, राहत,पुनर्स्थापना तथा क्षतिपूर्ति प्रदान गर्न बाल कोष स्थापना गर्नुपर्ने कुरा उल्लेख छ। ऐनले बालबालिकाको अधिकार उल्लंघन गरेको भए त्यसको

अधिकार प्रचलन गराउने दायित्व स्थानीय तहको न्यायिक समितिलाई प्रदान गरेको छ। यस्ता विषय कार्यान्वयन भए-नभएको सम्बन्धमा पनि जिल्ला समन्वय समितिबाट अनुगमन गरिने छ ।

२१. अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ ले प्राकृतिक विपद् तथा आकस्मिक घटनालगायतका कारणबाट प्रभावित बालबालिका तथा अभिभावकविहीन बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ। यसैगरी विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या, आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका र आधारभूत तह पूरा गरेका बालबालिकाको संख्या र आधारभूत तह पूरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या र विद्यालय शिक्षाका लागि विनियोजित रकमको प्रतिवेदन गाउँ कार्यपालिका र नगरपालिकाले प्रत्येक वर्ष गाउँसभा र नगरसभामा पेश गर्नुपर्ने व्यवस्थाको कार्यन्वयन अवस्थाबारेमा जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ।

२२. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ प्रत्येक गाउँपालिका र नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको हकहित र हकहित र संरक्षणसम्बन्धी समन्वय गर्न स्थानीय समन्वय समिति गठन गर्ने, अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्ने गराउने,अभिलेख संकलन गर्ने तथा यसप्रकारको व्यक्तिलाई शिक्षा, स्वास्थ्य, मनोरन्जन र रोजगार उपलब्ध गराउनुपर्ने दायित्व सुम्पेको छ। यस विषयमा पनि जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ।

२३. हिंसा पीडित एवं विपदमा परेका महिला, अनाथ बालबालिका तथा जेष्ठ नागरिकहरुका हेरचाह तथा सुरक्षित बसोबासका लागि जिल्लाका सम्पूर्ण स्थानीय तहहरुको आर्थिक तथा व्यवस्थापकीय सहयोगमा जिल्लामा हेरचाह गृह (Safe House) स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय एवं पहल गरिनेछ।

२४. जिल्ला स्थित सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण गर्ने विषयगत कार्यालयहरु, स्थानीय तहहरु, जिल्ला समन्वय समिति, नीजि तथा सहकारी क्षेत्र, सामाजिक संघ संस्थाहरु लगायतका निकाय तथा संगठनहरुसँग सम्बन्धित गुनासाहरु सुन्न तथा सोको सुनुवाइ कार्यमा सहजीकरण गर्नका लागि जिल्ला समन्वय समितिमा एक निःशुल्क टोल फ्रि नम्बरको व्यवस्था गरिने छ।

२५. नगरपालिका र गाउँपालिकाले सम्पादन गर्ने बजेट निर्माण,नीति तथा कार्यक्रम तर्जुमा, कार्यपालिकाको बैठकलगायतका दैनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि क्रियाकलापहरुको नियमित प्रतिवेदन जिल्ला समन्वय समितिलाइ उपलब्ध गर्ने व्यवस्था गरिनेछ ।

२६. जिल्लाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतनालगायतका विषयमा कलम चलाउने संचार माध्यमलाई प्रोत्साहन र हौसला प्रदान गर्न पहल गरिनेछ । सञ्चार क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिनेछ ।

२७. स्थानीय तह र जिल्ला समन्वय समितिबीचको कार्यगत समन्वय तथा नियन्त्रणलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले तयार गरेको स्थानीय तहको सफ्टवेयरमा आधारित मूल्यांकन प्रणालीः स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (Local Government Institutional Capacity Self-Assessment - LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (Fiduciary Risk Reduction Action Plan- FRRAP) लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

२८. नगरपालिका र गाउँपालिकाले प्रत्येक आर्थिक बर्षमा बजेट तर्जुमा गर्दा महिला, बालिबालिका, दलित तथा पछाडि परेका वर्ग र समुदायका लागि लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत बजेट विनियोजन गरी सो वर्गको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिता सुनिश्चित हुने गरी कार्यक्रमहरु सञ्चालन गरी राज्य व्यवस्थामा अपनत्वको अनुभूति गराउने व्यवस्था गरिनेछ ।

२९. नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गरी दिगो विकास गर्न तथा अव्यवस्थित विकास निर्माण, जलवायु परिवर्तन लगायतका कारणबाट प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल असर न्यूनीकरण गरी प्राकृतिक स्रोतको समुचित उपयोग गर्न जिल्लाभित्र मेशिनरी साधनको प्रयोग गरी नयाँ सडकको ट्रयाक निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

३०. जिल्लाका सुरक्षाका दृष्टिले जोखिमयुक्त स्थानमा सवारी साधनहरुको नम्बर पहिचान गर्न सकिने गरी सि.सि.टि.भी. क्यामेरा स्थानीय तहको सहयोगमा जडान गरी त्यसको नियन्त्रण कक्ष जिल्ला प्रहरी कार्यालय रहने गरी व्यवस्थापन गरिनेछ ।

३१. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ र नदीजन्य पदार्थ(संकलन र उपयोग) कार्यविधि, २०७५ बमोजिम नदिजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्बन्धि कार्यहरु सञ्चालन गरिने छ । मापदण्ड विपरित सञ्चालित खानी तथा क्रसर उद्योगहरुलाई सञ्चालनमा रोक लगाइनेछ साथै मापदण्डभित्र रहेर खानी तथा नदिजन्य पदार्थको उत्खनन, संकलन र विक्रि सम्बन्धि कार्यहरुमा टेण्डर पक्रिया अघि बढाउन पालिकाहरुलाई ध्यानाकर्षण गरिन्छ ।

३२. जिल्ला प्रशासन कार्यालयको भवन निर्माण सम्पन्न नँहुदै निर्माण कम्पनीले विविध कारण देखाई सम्मानित अदालतमा मुद्दा दर्ता गरी निर्माण कार्य रोकिएको छ जसका कारण जिल्ला प्रशासन कार्यालयबाट हुने दैनिक सेवा प्रवाहमा समस्या भएको छ । उक्त मुद्दाको किनारा लगाउन विशेष पहलकदमी लिई यथाशीघ्र अदालती प्रक्रिया टुङ्गो लगाउन भूमिका खेलिनेछ । साथैं, जिल्ला समन्वय समितिले जिल्ला प्रशासन कार्यालयलाई जग्गा हस्तान्तरण गर्ने विषयलाई आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

३३. संघीय कार्यालय, प्रादेशिक कार्यालय तथा स्थानीय तहमा सेवा प्रवाह व्यवस्थापनमा समन्वय र सहजीकरण गरी गरिनेछ । कर्मचारी (निजामती, शिक्षक) व्यस्थापनका विषयमा रहेका समस्याहरु समाधान गर्न पहल गरिनेछ । सरकारी तथा सार्वजनिक निकायमा सुशासन व्यवस्थापन, भ्रष्टचार तथा अनुचित कार्य नियन्त्रण, भष्टचार विरुद्ध शून्य सहनशीलता, नैतिक मूल्य मान्यतालगायतका पक्षहरुको व्यवस्थापनमा पहलकदमी लिइनेछ ।

३४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गर्ने कार्यको लागि स्थानीय तहमा रहेका न्यायिक समितिको अभिमुखिकरण तथा अन्तरक्रिया कार्यकम, लैङ्गिक सशक्तिकरण कार्यक्रम, लैङ्गिक अपराध नियन्त्रणलगायतका कार्यहरुमा जिल्लास्तरीय समन्वय र सहजीकरण गरिनेछ ।

३५. प्राकृतिक स्रोत साधन(जल, जमिन, जङ्गल) लगायतका विषयमा रहेका विवाद, सीमा विवाद निरुपण गर्न सहजीकरण गरिनेछ।

३६. कोभिड-१९ लगायतका सङक्रामक रोगहरुको रोगथाम तथा महामारी नियन्त्रण गर्ने कार्यमा समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

३७. जिल्ला भित्र हुने प्राकृतिक प्रकोप, सवारी दुर्घटना, मानवीय अपराध, विभिन्न सङक्रामक रोगहरुको महामारीलगायतका कारणहरुबाट मानिसहरुले ज्यान गुमाइरहेको अवस्था छ । यसरी मृत्युभएका व्यक्तिहरुको सव व्यवस्थापनका लागि स्थानीय तहको सहयोगमा एउटा सव वाहनको व्यवस्था गरिनेछ ।

३८. जिल्ला समन्वय समितिको मौज्दात कोषमा बाडँफाड हुन बाँकी बजेटबाट स्थानियपालिकाहरुबाट योजनाहरु माग भइआए अनुसार कार्यविधिले तोके बमोजिम आवश्यकता र औचित्यका आधारमा योजनामा बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

३९. जिल्ला समन्वय समितिको कार्यालयलाई आ.व. २०७९/८० मा नेपाल सरकारबाट रु. १ करोड ४१ लाख ४५ हजार रुपैयाको बजेट अख्तियारी प्राप्त भएको तथा बजेट अख्तियारीवमोजिम बजेट खर्च गरिनेछ । वागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट बजेट अख्तियारी प्राप्त भएमा सोहीबमोजिम कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४०. नदीजन्य पदार्थ(संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा १५ उपदफा ४ बमोजिम अनुगमन कार्य एवं वातावरणीय मूल्यांकन तथा प्राविधिक समितिले गर्ने कार्यहरु लगायतका कामहरु संचालनका लागि स्थानीय तहले शून्य दशमलव पाँच(०.५) प्रतिशत राजश्व जिल्ला समन्वय समितिको खातामा उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था बमोजिम यो कार्यविधि लागु भएदेखि हालसम्मको तोकिए बमोजिमको राजश्व सबै गाउँपालिका र नगरपालिकाबाट जिल्ला समन्वय समितिको खातामा जम्मा गरिनेछ ।

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,**

जिल्ला समन्वय समितिले आयोजना गरेको यो ऐतिहासिक छैठौं जिल्ला सभा समारोहमा जिल्ला सभा सदस्यको हैसियतमा उपस्थित भई सक्रीय सहभागी हुनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै काभ्रेपलाञ्चोक जिल्लाको विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गरेको छु । धन्यवाद ।

दिपक कुमार गौतम
प्रमुख
जिल्ला समन्वय समिति

०१ भाद्र, २०७९